# आषाढ-श्रावण महिनामा गरिने कृषि कर्महरु

## असार महिनामा गरिने कृषि कर्महरु

- सदावहार वर्गका फलफूल विरुवा सार्ने, बगैंचाको सरसफाइ गर्ने र वगैंचामा पानीको निकासको व्यवस्था मिलाउने ।
- चैते धान थन्क्याउने ।
- भित्री मधेश र तराईमा वागेश्वरी, रामपुर-१ जातका रहर रोप्ने ।
- पशुवस्तुमा नाम्ले, माटे रोग लाग्न सक्ने हुँदा पुनः एक पटक औंषधि खुवाउने ।
- रहु, नैनी, कत्ला जातका माछाका भुरा पोखरीमा छाड्ने ।
- हरियो मल जोतेर एक हप्ता कुहाउने र त्यसपछि धान रोप्ने ।
- उच्च तथा मध्य पहाडमा धान रोपाई गर्ने ।
- यो समयमा फूलहरु कम फुल्ने भएकोले मौरी घारमा चिनीको चास्नी बनाई राखीदिने ।
- मध्य महाडमा बहुवर्षिय नेपियर घाँसको सेटहरु सार्ने ।
- उच्च पहाडी भेगमा आलुको बिउ छनौट गर्ने बेला भयो ।
- वर्षे गोलभेंडा खेती गर्ने ठाउँमा गोलभेंडाको वेर्ना सार्ने ।

## साउन महिनामा गरिने कृषि कर्महरु

- मध्य तथा तल्लो पहाडी भेगमा मकै भाँचेपछि ६-७ घाम सुकाएर मात्र भण्डारण गर्ने ।
- फलफूल बगैंचामा पानीको निकासको व्यवस्था गर्ने ।
- तराईमा हरियो मल लगाएको जमिनलाई जोती पल्टाउने कार्य गर्ने ।
- साउने जातको अलैंची टिप्ने ।
- सुन्तला जातको फलफूलमा पात खाने कीरा र पतेरोको नियन्त्रण गर्ने ।
- असारको सुरुमा रोपिएको धानमा साउन महिनाको अन्त्यतिर युरिया मल दिने ।
- हरियो घाँस बढी भएका क्षेत्रहरुमा घाँसबाट हे र साइलेज बनाएर राख्ने ।
- पाडा बाच्छालाई जन्मने वित्तिकै प्रशस्त विगौती दूध खुवाउने र २-३ हप्ताको उमेरमा जुगाको औषधि खावउने ।
- वेशी र खोचमा ड्याङ्ग पारी अघौटे काउली, बन्दा मूला जातका तरकारीहरु लगाउने ।